CIVIC ACTION TEAMS


# Nepal Coronavirus CivActs Campaign

अंक #९१

२८।९।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुर्‍याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## २०७४ सालमा विभिन्न तहमा सम्पन्न भएका निर्वाचनमा सुनिश्चित महिला सहभागिता




सामाजिक समावेशी दृष्टिकोणले हेर्दा मधेशी र दलितको प्रतिनिधित्व क्रमश: स्थानीय तहमा १६ % र २४ %, प्रदेशसभामा १८ % र ६ %, प्रतिनिधिसभामा १७ % र ७ %, राष्ट्रियसभामा ८ % र १२ % रहेको छ । निर्वाचन व्यवस्थापनमा लैंगिक तथा समावेशी नीति, २०७७ आईसकेपछि अब आउने निर्वाचनमा महिला सहभागितालाई कतिको गम्भिर रुपमा हेरिन्छ त्यो हेर्न बाँकी नै छ । तर, यसको बारेमा बहस गर्ने समय भने आईसकेको छ ।

स्रोत: https://www.election.gov.np/uploads/content/1609994187_np.pdf

## नेपाल अपडेट



हेटौडा उप-महानगरपालिका वडा नं. ८ को वडा कार्यालयमा अपांगता भएका व्यक्तिलाई अपांगता परिचयपत्र वितरण गरिदै

तस्विर: मञ्जु रोक्का

### परिक्षण

पिसिआर परिक्षण: १९,८७,५५५


पोजेटिभ: २,६५,२६८

उपचाररत: ४,३७३

मृत्यु : १,९२७

सन्चो भएका : २,५८,९६८






Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



बैशाखमा चुनाव हुने भन्छन् । उमेरको हिसावले म यही माघमा नै १८ वर्ष पुगेर मतदानको लागि योग्य हुन्छु । तर, मैले सुन्देछु, यस पटक म मतदान गर्न पाउदैन रे ।

मतदानको लागि योग्य व्यक्तिको मतदाता नामावलीमा नाम दर्ता गरिएको हुनुपर्दछ । मतदाता नामावली ऐन, २०७३ अनुसार निर्वाचनको मिति घोषणा भईसकेपछि सो निर्वाचन प्रयोजनको लागि मतदाता नामावलीमा नाम दर्तागर्न मिल्दैन । अहिले निर्वाचनको मिति तोकिसकिएकोले २०७७ साल पौष ५ गते सम्ममा मतदाता नामावलीको लागि नाम संकलन भई सोही मितिमा १८ वर्ष उमेर पुगेको हुनु पर्दछ ।


स्रोत: https://www.mofaga.gov.np/news-notice/2267



कोरोनाको खोप लगाउनको लागि सरकारले विवरण संकलन गर्दैछ रे ।

खोप प्राप्त भईसकेपछि पहिलो चरणमा अग्रपंक्तिमा प्रत्यक्ष खटिने सरकारी, गैर सरकारी तथा नीजि अस्पताल, स्वास्थ्य संस्था लगायत सबै प्रकारका र सबै तहका अन्य स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा महिला स्वास्थ्य स्वयं सेविकालाई खोप लगाउने निर्णय यस अघि नै भईसकेको छ । तसर्थ, पहिलो चरणको खोप लगाउने प्रयोजनको लागि स्वास्थ्य सेवा विभागले ति व्यक्तिको अद्यावधिक विवरण संकलन गरिरहेको हो ।

स्रोत: https://cutt.ly/xjz4m4s



प्राय म्यानपावर कम्पनीले सुरुमै सक्कली राहदानी माग्छन् । केहीले त राहदानी जफत गरेर नै राख्छन् । के वैदेशिक रोजगारीमा जाने प्रकृयाको लागि सुरुमै राहदानी चाहिने हो ?

सुरुमै सक्कली राहदानी कुनैपनि व्यक्ति वा म्यानपावर कम्पनीलाई बुझाउनु हुँदैन । यदि चहिएकै खण्डमा पनि प्रतिलिपी बुझाउनु पर्दछ । वैदेशिक रोजगारीमा जानेहरूले अन्तरवार्तामा छनौट भएपछि मात्र म्यानपावर कम्पनीलाई आफ्नो सक्कली राहदानी बुझाउनु पर्दछ । सुरुमै राहदानी बुझाउदा ठगिने सम्भावना बढी हुने भएकोले त्यसो नगर्न वैदेशिक रोजगार विभागले सबैलाई अनुरोध गरेको छ ।

स्रोत: https://dofe.gov.np/DetailPage.aspx/id/170/lan/ne-NP



अझै पनि कोभिड - १९ को बहानामा अन्य रोगका बिरामीले स्वास्थ्य सेवा पाइरहेका छैनन् । अब त अवस्था सामान्य भएको हैन र ?

अवस्था सामान्य हुँदै गए पनि कोभिड - १९ बाट बच्न स्वास्थ्य सुरक्षा मापदण्ड अपनाउनु उतिकै जरुरी छ । समग्र स्वास्थ्य सेवालाई मध्यनजर गरेर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले यस सम्बन्धमा निर्णय गरेको छ । जस अनुसार, सबै अस्पतालहरूले प्रदान गरेका सबै ननकोभिड सेवा सदाझै नियमित प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ र कोभिडका लागि तोकिएका अस्पतालले कोभिड तथा ननकोभिड सेवाहरु समेत नियमित प्रदान गर्नुपर्नेछ ।

स्रोत: https://cutt.ly/rjz4Mr7

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्






COVID-19
को बारेमा बुझ्न नि:शुल्क हटलाईन
viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट
३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार


| साउदी अरब | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,६३,८०९ संक्रमित | १,५४,३१४ संक्रमित | ९५,५५८ संक्रमित | १,४५,८६५ संक्रमित | २,३०,५७८ संक्रमित | १,३०,६०८ संक्रमित | १,३५,९९२ संक्रमित | ६९,११४ संक्रमित |
| ५,८०० नेपाली संक्रमित | २,३५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २८,२५० नेपाली संक्रमित | ५,३५० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | २१०० नेपाली संक्रमित | २९ नेपाली संक्रमित |
| ८८ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ३९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | |

गन्तव्य राष्ट्रमा संक्रमित नेपाली

गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या

गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली



स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## मध्यपूर्वका केही देश र कतार बिचको आवागमन सहज बन्दै

### मध्यपुर्व

लामो समयदेखी बन्द रहेको मध्यपूर्वका केही देश र कतार बिचको सामुन्द्रिक, हवाई, जमिनसँग जोडिएका सिमाहरु पुन: सुरु भएका छन् । विषेश गरेर साउदी अरब र यूएईले सिमा खुला गरेको घोषणा गरेसँगै उडानहरु सूचारु हुनेछन् । यस पछि कतारसँगको आवात जावात सहज हुनेछ ।

### नेपाल

अनलाईनबाट पुन: श्रम स्विकृति पूर्णरुपमा सुरु भएपनि धेरै श्रमिक साथीहरुले आफ्नो युजर आईडि र पासवर्ड बिर्सेको कारणले धेरैलाई समस्या भएको छ । यसको समाधानको लागि वैदेशिक रोजगार विभागले दिएको ढाँचा अनुसार निवेदन लेखेर नेपालमा भएको खण्डमा वैदेशिक रोजगार विभागको कार्यलयमा जानु पर्ने हुन्छ भने, विदेशमा भए विदेश स्थित कुटनैतिक नियोगमा जानुपर्ने हुन्छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी – खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड – १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३० करोड**

| संघिय सरकार | प्रदेश सरकार | स्थानीय सरकार | प्रधानमन्त्री कोरोना रोकथाम तथा उपचार कोष |
|---|---|---|---|
| ३६% | ११% | ४५% | ८% |

## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००


अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च

रकम निकासा

खर्च भएको रकम




accountabilitylab NEPAL

# वैदेशिक रोजगारी भन्दा गाउँमै दोब्बर आमदानी




गुल्मीको रेसुंगा नगरपालिका वडा नम्बर १० सिमिचौरका राजन कुवँर सन् २०१० मा वैदेशिक रोजगारीको क्रममा मलेसिया गए । ५ जनाको परिवारलाई पाल्ने जिम्मेवारी र दैनिक गुजारा चलाउदा बढिरहेको ऋणको भारीलाई कम गर्न उनले वैदेशिक रोजगारी रोजेका थिए । म्यानपावर कम्पनी मार्फत मलेसिया पुगेका राजनले सम्झौता भए अनुसारको रकम भने पाएनन् । अमेरिकन कम्पनी जावेल टेक्नोलोजीमा ५ वर्ष काम गरेपछि भने उनी होटलमा काम थाले । सुरुमा धेरै दु:ख गरेर बल्लतल्ल मासिक २० देखी २५ हजार बचाएर घरपठाइरहेका उनको रोजगार कम्पनी परिवर्तन गरेपछि कमाई पनि बढ्यो ।

२०७६ फागुन २४ गते बिदामा नेपाल आएका राजन कोरोना महामारीपछि लकडाउनमा परे । हवाई यातायात बन्द भयो । त्यसपछि उनी मलेसिया फर्कन सक्ने अवस्था रहेन । उनको भिषा अगष्ट १८ सम्म भएका कारण महामारीकै बिचमा त्यसको म्याद पनि समाप्त भयो । कोरोना महामारीले वैदेशिक रोजगारी गुमाएपछि ५ जनाको परिवार कसरी पाल्ने होला भन्ने चिन्ताले उनलाई पिरोल्न थाल्यो । देशमै सम्भावना खोज्ने शिलशिलामा उनले सामूहिक कृषि गर्ने योजना बनाए ।

वैदेशिक रोजगारीबाटै फर्किएका साथीहरु टोप बहादुर कुवँर, फर्सुराम कुवँर, रवि कुवँर, सुभाष कुवँर र टेकराज कुवँरसँग मिलेर सिमिचौर मै ६ वर्षदेखि बाँझो ७२ रोपनी जग्गा १० वर्षको लागि भाडामा लिएर सामूहिक तरकारी खेती थाले । अहिले बारीमा बन्दा, साग, टमाटर, मुला र गाजर उत्पादन भइरहेको छ । उत्पादन भएको तरकारी रेसुंगा नगरपालिकाको हाटबजारमा बिक्री हुने गरेकाले बजारीकरणको समस्या पनि छैन ।



बिदेशमा गरिने श्रमको ६० प्रतिशतमात्र मेहनत गरे पुग्ने र कमाई पनि दोब्बर भन्दा बढि हुन थालेपछि राजन लगाएत उनका साथीरु गाउँमै सामूहिक तरकारी खेतिमा रमाइरहेकाछन् । वैदेशिक रोजगारीबाट वार्षिक ४ देखि ५ लाख रुपैयाँ कमाईरहेका राजन गाउँमै थोरै मेहनतमा धेरै कमाई हुनथालेपछि दंग छन् ।

# फ्रन्टलाईनर्स भोईसेस



## बिमला कुमारी चौलागाई शर्मा

उप-प्रमुख, धुलिखेल नगरपालिका, काभ्रेपलान्चोक

"कोभिड बिरुद्धको अग्रमोर्चमा खटेर काम गर्ने क्रममा म आफै कोरोनाबाट संक्रमित भएँ । तर, कोरोना संक्रमणबाट मुक्त भएपछि भने म नगरभित्रका जनताको सुरक्षाको लागि निरन्तर खटिरहे । महिला भएकोले महिलाका समस्याले मलाई बढी चिन्तित बनाउँछ । त्यसैले, कोरोना कहरमा समस्यमा रहेका गर्भवती र सुत्केरी महिलाहरुको लागि वयक्तिगत खर्चमा नगरको सबै वडामा गएर १२० जना सुत्केरी र गर्भवती महिलालाई राहत वितरण गरें । "

## रबिन्द्र कर्माचार्य

वडा अध्यक्ष, धुलिखेल नरगपालिका वडा नं ४, काभ्रेपलान्चोक

"मेरो वडामा दैनिक मजदुरी गर्ने बर्ग धेरै बसोबास गर्ने भएकाले उनिहरुको समस्यलाई नजिकबाट पहिचान गरेर चरण चरणमा राहत वितरण गरियो । अहिले धेरैले कोरोनाको प्रभावलाई बिर्सेजस्तो लाग्छ । लकडाउनमा सबैभन्दा धेरै समस्य मजदुर बर्गलाई परेको थियो । कोहि कसैलाई कुनै समस्य परेमा तुरुन्त वडामा सम्पर्क गर्न सकुन भनेर आफ्नो र वडा सदस्यहरुको नम्बर दिएर घर दैलो सचेनता गर्दै म आफै फिल्डमा खटिए । त्यसपछि, घरमा खाना छैन भनेर फोन गर्नेको घरमा  हामी राहत लिएर नै पुगेका थियौं । "






## कृष्ण बहादुर आले मगर

अहेब्व, धुलिखेल प्राथमिक स्वास्थ्य केन्द्र

"कोरोनाको समयमा स्वास्थ्यकर्मीले जस्तो कठिनाई अरुले भोग्नु परेन । सुरुको समयमा प्राय मानिसहरु त्रसित भएकाले जोखिम मोलेर भए पनि निरन्तर काममा खटिरहे । तर, सुरक्षाको कुनैपनि उपकरण पाउन सकिएको थिएन । पिपिई लगायत, मास्क, सर्जिकल ग्लोबस बजारमा पाईरहेको थिएन । अहिले हामी हप्तको एक दिन यस स्वास्थ्य केन्द्रमा कोभिड - १९ को परिक्षणको लागि स्वाब संकलन गर्ने काम गरिरहेकाछौं । स्वाब संकलन गर्न त्यति सजिलो काम होईन । तर, अहिले अवस्था सामान्य हुदैछ ।"

सही सूचना

# नेपालमा २०७७ साल पौष २६ गते सम्म प्रदेश अनुसार कोभिड - १९ का सकृय संक्रमित, सञ्चो भएका र मृत्यु भएकाहरुको संख्या





माथिको ग्राफमा प्रदेशगत  कोभिड - १९ का संक्रमितको संख्यालाई देखाईएको छ । सबै भन्दा बढी कोभिड - १९ का सकृय संक्रमित, सञ्चो भएका र मृत्यु भएकाहरुको संख्या बागमती प्रदेशमा रहेको छ । त्यसै गरेर, कुल मध्ये ५४ प्रतिशत सञ्चो हुनेको संख्या, र ५० प्रतिशत मृत्यु हुनेको संख्या पनि बागमती प्रदेशबाटै रहेको छ । देश नै सामान्य अवस्था उन्मुख भइरहेको बेला, बागमती प्रदेश, त्यसमा पनि काठमाण्डौ उपत्यका अझै पनि कोभिड - १९ को जोखिममा छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219